नेपाल सरकार
रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

# प्रेस विज्ञप्ति

आज मिति २०८३ श्रावण १४ गते रक्षा मन्त्रालयका सचिव श्री केदारनाथ शर्माको अध्यक्षतामा रक्षा मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, नेपाली सेना र सो अन्तर्गत विभिन्न निकायबाट आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित विभिन्न विकास आयोजना तथा कार्यक्रमहरूको चौथो त्रैमासिक तथा वार्षिक अवधिको प्रगति समीक्षा तथा मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो। समीक्षा बैठकमा रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूबाट गत आर्थिक वर्षमा सञ्चालन भएका कार्यक्रम तथा विकास आयोजनाहरूको प्रगति स्थितिबारे अद्यावधिक जानकारी प्रस्तुत हुनुका साथै आयोजना कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरूबारे पनि छलफल भएको थियो।

समीक्षा बैठकमा रक्षा मन्त्रालयका सचिव श्री केदारनाथ शर्माले गत आ.व.मा मन्त्रालय र नेपाली सेना अन्तर्गत सञ्चालित अधिकांश आयोजना तथा कार्यक्रमहरूको प्रगति उल्लेखनीय रहेता पनि राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक निर्माण आयोजनाको प्रगति अपेक्षानुरूप हुन नसकेकोमा आगामी दिनमा लक्ष्य अनुसार प्रगति हासिल हुनेगरी निर्माण कार्यलाई तदारुकताका साथ अघि बढाउन निर्देशन दिनुभयो। उहाँले नेपाली सेनाको व्यवस्थापनमा सञ्चालित अन्य राष्ट्रिय करिडोरहरूमा लक्ष्यानुसार प्रगति हासिल गर्न सफल भएकोमा नेपाली सेनालाई धन्यवाद व्यक्त गर्नुभयो। साथै, नेपाली सेनाबाट विपद् प्रभावितहरूको खोजी, उद्धार तथा पुनःस्थापनामा भएको कार्यलाई प्रशंसा गर्नुहुँदै नेपाली सेनालाई समयानुकूल साधनस्रोत उपलब्ध गराउँदै नेपाली सेनाको क्षमता अभिवृद्धि गर्दै जान आवश्यक रहेको कुरा औंल्याउनुभयो। मन्त्रालय र नेपाली सेना अन्तर्गतको पूँजीगत खर्च राष्ट्रिय औसतको तुलनामा उच्च रहेको कुरा बताउँदै उहाँले आगामी दिनमा पूँजीगत खर्चलाई अझ वृद्धि गर्न विकास निर्माण कार्यको खरिद प्रक्रियालाई आर्थिक वर्षको सुरुदेखि नै व्यवस्थित बनाउँदै लैजान र आयोजना कार्यान्वयनमा विगतबाट सिकिएका पाठहरूसमेतका आधारमा समयमै उपयुक्त रणनीति तय गरी अघि बढ्न सम्बन्धित सबैलाई निर्देशन दिनुभयो। उहाँले विकास निर्माणका कार्यहरूमा अन्तर-निकाय समन्वय सुदृढ गरी मन्त्रालय अन्तर्गतका विकास आयोजनाहरूको कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीलाई सम्बोधन गर्दै निर्धारित लक्ष्य बमोजिम प्रगति हासिल गर्नेतर्फ क्रियाशील हुन सबैलाई आग्रह गर्नुभयो।

समीक्षा बैठकमा प्रधानसेनापति महारथी श्री अशोकराज सिग्देलले नेपाली सेनाबाट गत आर्थिक वर्षमा सञ्चालित आयोजनाको प्रगति समग्रमा सन्तोषजनक रहेको कुरा व्यक्त गर्दै काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनामा गत आ.व. मा जग्गा अधिग्रहण, रुख कटान लगायतका समस्याले लक्ष्यअनुरूप प्रगति हासिल गर्न केही कठिनाइ भएको भए तापनि अब यी समस्याहरू समाधान भइसकेकोले आगामी दिनमा द्रुतमार्गको निर्माणले उल्लेख्य गति लिने अपेक्षा व्यक्त गर्नुभयो। उहाँले संयुक्त राष्ट्र संघको आह्वानमा विश्वका विभिन्न द्वन्द्वग्रस्त स्थानमा शान्ति स्थापना गर्न नेपाली सेनाले पुऱ्याउँदै आएको योगदान प्रशंसनीय रहेको कुरा उल्लेख गर्नुभयो। सैनिक कल्याणकारी कोषमा जम्मा भएको रकमलाई राष्ट्रको निर्माण र विकास कार्यमा लगानी गर्नसक्ने नीतिगत व्यवस्था भए यसबाट

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

राष्ट्रको विकासमा नेपाली सेनाको योगदानलाई अझ वृद्धि गर्न र सैनिक कल्याणकारी कार्यहरूलाई सहज रूपमा सञ्चालन गर्न सहयोग पुग्ने विचार समेत व्यक्त गर्नुभयो। नेपाली सेनालाई विगतमा झैं आगामी दिनमा पनि सबै निकायको साथ र सहयोग उपलब्ध भए राज्यले नेपाली सेनालाई जिम्मेवारी दिएको विषयलाई समयमै सम्पन्न गर्न नेपाली सेना सक्षम रहेको भनाइ उहाँले राख्नुभयो।

समीक्षा बैठकमा अर्थ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरूका साथै नेपाली सेना अन्तर्गत विभिन्न विकास आयोजना प्रमुखहरूले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा रक्षा मन्त्रालयका सहसचिव श्री ज्ञानेन्द्र पौडेलले मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय र नेपाली सेना अन्तर्गत आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक तथा वार्षिक अवधिमा सञ्चालित विभिन्न विकास आयोजना तथा कार्यक्रममा भएको प्रगति, आयोजना कार्यान्वयनमा देखिएका समस्या तथा समस्या समाधानका लागि गरिएका प्रयासहरूबारेमा विस्तृत प्रस्तुतीकरण राख्नुभएको थियो। कार्यक्रमको सञ्चालन मन्त्रालयको योजना तथा सैनिक कल्याण शाखाका उपसचिव श्री प्रेमप्रसाद न्यौपानेले गर्नुभएको थियो।

समीक्षा बैठकमा गत आर्थिक वर्षमा मन्त्रालय अन्तर्गत सञ्चालित विकास आयोजनाहरूमध्ये ७ वटामा शत प्रतिशत प्रगति हासिल भएको जानकारी गराइएको थियो। गत आ.व.मा रक्षा मन्त्रालय र अन्तर्गत निकायलाई चालु र पूँजीगततर्फ गरी कुल रु. ६६ अर्ब ८८ करोड बजेट विनियोजन भएकोमा रु. ६३ अर्ब ५४ करोड खर्च भई करिब ९५ % वित्तीय प्रगति हासिल भएको जसमा पूँजीगततर्फको प्रगति ७४.६% र चालुतर्फको प्रगति ९७ % रहेको जानकारी प्रस्तुत भएको थियो। यसैगरी काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना निर्माणतर्फ गत आर्थिक वर्ष लक्ष्यको तुलनामा भौतिक प्रगति ६३.७०% र वित्तीय प्रगति ७१.८२ % भई हालसम्म उक्त आयोजना निर्माणको कुल भौतिक प्रगति ४८.७२ % र वित्तीय प्रगति ५०.६३ % रहेको जानकारी प्रस्तुत भएको थियो। गत वर्ष नेपाली सेना अन्तर्गत सञ्चालित विभिन्न विकास निर्माण आयोजनाहरूमा १ हजार १ सय २७ जनालाई रोजगारी उपलब्ध गराइएको तथा नेपाली सेना अन्तर्गत सञ्चालित अस्पतालहरूबाट ९ लाख ७६ हजार २ सय ८६ जनालाई स्वास्थ्योपचार सेवा उपलब्ध गराइएको जानकारी पनि बैठकमा प्रस्तुत भएको थियो। बेरुजु फछ्र्यौटतर्फ गत आ.व.मा कुल लक्ष्यको ५४% प्रगति हासिल गर्न मन्त्रालय सफल भएको जानकारी प्रस्तुत भएको थियो।

२०८३ श्रावण १४

(मनोजकुमार आचार्य)
सहसचिव एवं प्रवक्ता